

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० माघ २७ गते शनिबार ❑ 10 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## देशभरि प्रभाव पर्ने गरी निर्णय गर्नुस् : सभापति देउवा

**रासस**
काठमाडौं, २६ माघ

नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले कांग्रेस काठमाडौंको सम्मेलनले ठूलो महत्व राख्ने बताउनुभएको छ।

नेपाली कांग्रेस काठमाडौं जिल्ला सम्मेलनको शुक्रबार उद्घाटन गर्दै सभापति देउवाले देशको राजधानी भएकाले यहाँ राम्रो काम गर्नुपर्ने बताउनुभयो। "काठमाडौंमा कांग्रेसको सङ्गठन महत्वपूर्ण छ, यहाँको सम्मेलनले राष्ट्रिय तथा अन्तर्राष्ट्रियरुपमा प्रभाव पार्छ, देशभरि प्रभाव पार्नेगरी राम्रो प्रस्ताव पास गर्नुहोस्", उहाँले भन्नुभयो । सभापति देउवाले नेपाली कांग्रेस नेपाली जनताको पार्टी भएकाले सधैँ जनताका पक्षमा निर्णय गर्न निर्देशन दिनुभयो। उहाँले भन्नुभयो- "काठमाडौं जिल्ला कार्यसमिति मार्फत् देशैभरका कांग्रेसका नेता तथा कार्यकर्तालाई यो भन्न चाहन्छु कि कांग्रेस जनताको पार्टी हो, हाम्रा सबै निर्णय र कदमहरू जनताका पक्षमा हुनु जरुरी छ।"

कांग्रेस नेता प्रकाशमान सिंहले आगामी फागुन ७ गतेदेखि चल्ने नीति अधिवेशनका लागि पार्टीभित्र देखिएका अप्ठ्यारा फुकाउन आवश्यकपर्ने राय सुझाव दिन सबैलाई आग्रह गर्नुभयो । उहाँले कांग्रेसको नेतृत्वमा निर्माण भएको संविधानलाई कार्यान्वयन गर्नका लागि कांग्रेसले नै महत्वपूर्ण भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो। कांग्रेसका नेता डा मीनेन्द्र रिजालले केन्द्र, प्रदेश र स्थानीय तहमा सत्तामा भएको पार्टी कमजोर बनेकामा चिन्ता व्यक्त गर्नुभयो । उहाँले कांग्रेस एक्लै चुनाव लडेर अगाडि बढेमात्र बलियो पार्टी बन्नसक्ने बताउनुभयो।

कांग्रेस ललितपुरका सभापति जीतेन्द्र श्रेष्ठले उच्च मनोवलका साथ पार्टीमा काम गरेर पार्टीभित्र एकताको सन्देश दिन जरुरी रहेको उल्लेख गर्नुभयो । संविधानसभा सदस्य दीपकप्रसाद कुइँकेलले पार्टीलाई सुझबुझपूर्ण ढङ्गले अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो। प्रदेशसभा सदस्य प्रभात तामाङले जनप्रतिनिधि र पार्टीबीच तालमेल हुन नसकेको उल्लेख गर्नुभयो। कीर्तिपुर नगरपालिकाका प्रमुख राजकुमार नकर्मीले समुदाय एकातिर, कांग्रेस अर्कातिर हुँदै गएको आभास भएको बताउनुभयो। काठमाडौं महानगरपालिका-२६ का वडाध्यक्ष ख्यामराज तिवारीले गुटको व्यक्तिलाई टिकट दिँदा पार्टी कमजोर भएको बताउनुभयो।

काठमाडौं क्षेत्र नं ९ का सभापति जयकृष्ण महर्जन, कांग्रेस काठमाडौं महानगर सभापति नीलकाजी शाक्य, टोखा नगरपालिका-४ का सभापति रवीन्द्र श्रेष्ठलगायतले पार्टीलाई चलायमान बनाएर अगाडि बढ्न सुझाव दिनुभयो।

## अर्थतन्त्रका केही सूचकमा सुधार देखिएको छ : पूर्वअर्थमन्त्री पौडेल

**पोखरापत्र संवाददाता**
पोखरा, २६ माघ

नेकपा (एमाले)का उपाध्यक्ष एवं पूर्वउपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले विप्रेषणको आप्रवाह, विदेशी मुद्राको सञ्चितिलगायत अर्थतन्त्रका कतिपय सूचकमा सामान्य सुधार देखिएको बताउनुभएको छ।



नेपाल दूरसञ्चार राष्ट्रिय कर्मचारी सङ्गठनको ११औँ केन्द्रीय परिषद्को आज पोखरामा उद्घाटन गर्दै उहाँले मुलुकको अर्थतन्त्रमा केही सुधारका सङ्केत देखिए पनि समस्याबाट भने मुक्त भइनसकेको विचार राख्नुभयो।

"राजस्वले साधारण खर्च पनि धान्न नसक्ने स्थिति छ, आन्तरिक ऋण उठाएर कर्मचारीलाई तलब र सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने अवस्था सिर्जना भएको छ", पूर्वअर्थमन्त्री पौडेलले भन्नुभयो, "सरकारले राष्ट्रिय गौरवका विकास आयोजनाको भुक्तानीसमेत दिन सकिरहेको छैन, वैदेशिक ऋण र अनुदानमा कटौती भएको छ।"

पूँजीगत खर्च न्यून भएको भन्दै उहाँले राजस्वको परिचालन सन्तोषजनक नरहेको धारणा राख्नुभयो। माग, आपूर्ति, उत्पादन, आयात, निर्यात आदि घट्दा अर्थतन्त्र सुस्ताएको पौडेलले बताउनुभयो । विदेशी मुद्राको सञ्चिति बढे पनि सरकारले उपयुक्त काममा विदेशी मुद्रालाई खर्च गर्न नसकेको उहाँको भनाइ छ । अर्थतन्त्रलगायत मुलुकका सबै क्षेत्र दुरुस्त हुन पहिले राजनीति दुरुस्त हुनुपर्ने एमाले उपाध्यक्षसमेत रहनुभएका पौडेलले बताउनुभयो । संसद्मा रहेको अङ्कगणितका कारण तत्काललाई वर्तमान सरकारको कुनै विकल्प नेदिखएको उहाँले बताउनुभयो।

नेपाल टेलिकमलाई सक्षम व्यवस्थापन र गुणस्तरीय सेवाका आधारमा प्रतिस्पर्धी कम्पनी बनाउन सकिने भन्दै उहाँले त्यसतर्फ सक्रिय हुन सङ्गठनका पदाधिकारी तथा सदस्यहरूलाई आग्रह गर्नुभयो।

## तीनै तहका खेलकुदका निकायसँग सहकार्य गर्न खेलकुदकर्मीको सुझाव

**पोखरापत्र संवाददाता**
पोखरा, २६ माघ



खेलकुद क्षेत्रमा रहेको वेतिथी अन्त्य गर्दै तीनै तहका खेलकुदका निकायसंग सहकार्य गर्न खेलकुदकर्मीले सुझाव दिनु भएको छ।

राष्ट्रिय खेलकुद परिषद(राखेप) अर्न्तगत हालै गठन भएको गण्डकी प्रदेशको भौतिक पूर्वाधार अध्ययन र वर्गीकरण समितिले शुक्रबार पोखरा रंगशालामा विभिन्न खेल संघ तथा खेलकुद संवद्ध संघ संस्थाका पदाधिकारीहरु बिच आयोजना गरेको छलफल कार्यक्रममा सहभागि खेलकुदकर्मीहरुले उक्त सुझाव दिनु भएको हो । खेलकुद जस्तो क्षेत्रमा अख्तियारमा उजुरी पर्नु, खेलकुदका पूर्वाधार निर्माण कम हुनु, भएका पूर्वाधारको उचित संरक्षण नहुनु, खेलाडी उत्पादनको लागि आवश्यक प्रशिक्षक र प्रशिक्षणको अभाव हुनु, एक खेल संघले अर्को खेलको अपनत्व नगर्नु, पोखरा रंगशालामा हुने राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुदका गतिविधिमा अवलोकन गर्न चाहेका राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडीको उचित प्रबन्ध गर्न नसक्नु, रंगशालमा प्राप्त भएको आम्दानीको पारदर्शी नहुनु लगायतका समस्या रहेको सहभागिहरुले बताउनु भएको हो। तीनै तहका खेलकुदका निकाय राखेप, प्रदेश खेलकुद परिषद र जिल्ला खेलकुद विकास समितिको स्पष्ट कार्ययोजना र कार्यक्षेत्र निर्धारण गर्दै समन्वय, सहकार्य र सहअस्तित्व कायम गर्न सक्नुपर्नेमा खेलकुदकर्मीले सुझाव दिनु भएको थियो । समितिका संयोजक एवं राखेप सदस्य राजेश गुरुङलाई खेलकुदमा रहेको वेतिथीहरुको अन्त्य गर्दै खेलकुदको विकास गरी दशौं राष्ट्रिय खेलकुदमा केन्द्रित हुने गरी प्रदेशको आन्तरिक तयारीमा जुट्न आग्रह गरिएको समितिका एक सदस्य एवं साविक पश्चिमाञ्चल क्षेत्रिय खेलकुद विकास समितिका (नासु) डम्बर बहादुर (डिबी) नेपालीले हामीलाई बताउनु भयो। साथै सहभागीहरुले खेलकुदमा रहेको वेतिथीलाई व्यबस्थापन गर्न नसके खेलकुदको पदीय दाहित्वमा रहेका राखेप सदस्य गुरुङ सहितका व्यक्तिहरुलाई राजिनामा दिन चेतावनी समेत दिनु भएको थियो।

"स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद" भन्ने नाराका साथ आफुहरुले यस क्षेत्रमा खेलकुदको भौतिक पूर्वाधार अध्ययन र वर्गीकरण गरी त्यसको छिट्टै नै परिणाममुखी प्रतिवेदन पेश गर्ने तयारीमा रहेको संयोजक गुरुङले जनाउनु भयो। खेलकुदको विकासको लागि सबैलाई मिलायर अघि बढ्ने उहाँले जनाउनु भयो । तेक्वान्दो संघका केन्द्रिय सदस्य मदन केसीले खेलकुदको विकास गर्न व्यावसायी सहितको खेलकुदकर्मीको टिम गठन गर्न माग गर्नु भयो। जिल्ला खेलकुद विकास समितिका अध्यक्ष तोरण बहादुर बानियाँले खेलकुद ऐन बाजिएकोले खेलकुदमा समस्या उत्पन्न भएको बताउनु भयो । राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडी संघ कास्कीका अध्यक्ष राजन पौडेलले खेलाडीहरुले खेल खेल्ने तथा प्रशिक्षण गर्ने उपयुक्त वातावरण प्राप्त नगरेको गुनासो गर्दै खेलाडीलाई प्राप्त सेवा सुविधा उपलब्ध गराउन माग गर्नु भयो । पोखरा महानगरपालिका खेलकुद विकास समितिका अध्यक्ष दीपक गोदारले खेलकुदमा व्यक्तिवाद हावी भएको दाबी गर्नु भयो।

संयोजक गुरुङ्गको अध्यक्षतामा भएको छलफलमा राखेपका पूर्व सदस्य जयराम हमाल, पश्चिमाञ्चल क्षेत्रिय खेलकुद विकास समितिका पूर्व निर्देशक बिद्या मर्सानी, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बराल, कास्की जिल्ला व्याडमिन्टन संघका अध्यक्ष शुशिल श्रेष्ठ, पूर्व खेलाडी विनोद शेरचन, पूर्व प्रशिक्षक शम्भु केसी, कास्की जिल्ला सुटिङ संघका श्यैँाम कृष्ण श्रेष्ठ, वुल्स म्यान क्लव पोखराका नुना गुरुङ लगायतले खेलकुदको विकासमा सबै जुटेर एक भई लाग्नु पर्नेमा जोड दिनु भएको थियो।

## खानेपानीको सुविधा पुगेपछि स्थानीयमा खुशियाली

**पोखरापत्र संवाददाता**
पोखरा, २६ माघ

*धन्यवाद छ सहयोग गर्नेलाई*
*रित्ता गाग्री पानीले भर्नेलाई*
*समस्याको ठूलै थियो घेरो*
*आधि रातमै गर्दथ्यौ पँधेरो*

वार्सौदेखि पानीको समस्याले जकडिएको भलामको खोरकी स्थानीय सञ्जिता भण्डारीले गाउँमा खानेपानी आएको खुशीयालीमा गाएको गित हो यो । पानीका कारण विगतमा कस्टकर जिवन विताएको कथा र व्यथालाई भण्डारीको यो गितले समेटेको छ।

हालै गण्डकी प्रदेश सरकारको एक घर एक धारा कार्यक्रम अन्तर्गत सम्पन्न भएको योजनाले यतिखेर पोखरा २० भलामखोरका वासिन्दामा खुशीयाली छाएको छ। एक गाग्री पानीका लागि घण्टौ विताउनु पर्ने मात्र होइन आधा रातमा पँधेरो धाउने अवस्थाको समेत अन्त्य भएको गितमा उल्लेख छ।

गितमार्फ उहाँले थप्नुभयो "यसअघि गाउँमा ५ वटा धारा थिए, पानीको कम हुँदा छिमेकी बिचमा वेलावेलामा झैझगडा हुने गर्दथ्यो, अहिले घरघरमा धारा आएपछि छिमेकी विचमा सुमधुर सम्वन्ध कायम भएको छ ।" आर्थिक सहयोग गरि रित्ता गाग्रीमा पानी भर्ने र रातदिन नभनिकन योजना सम्पन्न गर्न खटने समाजसेवीलाई धन्यवाद दिँदै सन्देशमुलक गितमा भनिएको छ घरघरमा धारा जडान भएपनि करेसावासीमा समेत हरियाली भई आयअर्जनमा समेत थप सहयोग पुग्ने विश्वास गरिएको छ।

आर्थिक बर्ष २०७७। ०७८ मा निर्माण शुरु गरिएको इक्राघारी विचारी खानेपानी आयोजनाको पानी घरघरमा आएपछि यस क्षेत्रका उपभोक्ताको मुहारमा यतिखेर खुशियाली छाएको हो।

उक्त आयोजना अन्तर्गत एक हजार सातसय मिटर लम्बाईमा जंङ्गलबाट दुई इञ्चिको पाईपबाट ल्याएको पानी छुट्टाछुट्टै स्थलमा निर्माण गरिएका तीनवटा टंकीमा संकलन गरिको पानी स्थानीय ९० धारा जडान गरिएको छ । आर्थिक बर्ष २०७७। ०७८ मा निर्माण शुरु गरिएको उक्त आयोजना अन्तर्गत एक हजार सातसय मिटर लम्बाईमा जंङ्गलबाट दुई इञ्चिको पाईपबाट ल्याएको पानी बिभिन्न स्थलनमा निर्माण गरिएका तीनवटा टंकीमा संकलन गरि उपभोक्ताका घर घरमा पुऱ्याइएको छ। दुई दशक भन्दा पहिल्य नेपाल रेडक्रस सोसाईटी र लायन्स क्लवको आर्थिक सहयोगमा एक इञ्चिको पाईपबाट ल्याइएको पानी अपुग भएपछि नयाँ योजना शुरु गरिएको इक्राघारी विचारी खानेपानी तथा सरसफाई उपभोक्ता समितिका संस्थापक अध्यक्ष तुलसी प्रसाद तिमिल्सिनाले जानकारी दिनुभयो। प्रदेश सरकारको एक करोड ८ लाख ४८ हजार र १० लाख ८४ हजार ८०० रुपैया बराबरको जनश्रम परिचालन गरि योजना सम्पन्न भएको उहाँले उद्घाटन कार्यक्रममा जानकारी दिनुभएको हो । आयोजनाबाट थप २५ वटामात्र नयाँ धारा जडान गर्न सकिने क्षेमता रहेको छ। उद्घाटन कार्यक्रममा गण्डकी प्रदेशका उर्जा, जलश्रोत तथा खानेपानी मन्त्री सरास्वती अर्याल तिवारी, गण्डकी प्रदेश सभा सदस्य विन्दुकुमार थापा, वडाअध्यक्ष गंगा बहादुर क्षेत्री लगायत खानेपानी डिभिजन कार्यालयका प्रमुख सहित कर्मचारीहरुको सहभागिता रहेको थियो।

सोही अवसरमा उपभोक्ता समितिको दोश्रो साधारण सभा एवम् प्रथम अधिवेशन सम्पन्न भएको छ । अधिवेशनले एक बहादुर घर्तीको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्य समितिको चयन गरेको छ । समितिको उपाध्यक्षमा शम्सेर वहादुर थापा, सचिव मिलन कुमार जिसी, कोषाध्य माया तिमिल्सिन र सदस्यमा जीवन जिसी, लक्ष्मी जिसी, अम्वीका भण्डारी, सरु जिसी नारायण सुवेदी र ऋषिमाया पौडेल रहनु भएको छ। कार्यक्रममा सामाजिक व्यक्तित्व तोरणबहादुर गुरुङ, टेबबहादुर जिसी,माया तिमिल्सिना, विश्व जिसी, रुद्रबहादुर रानाले खानेपानीको महत्व माथि प्रकाश पार्नुभएको कार्यक्रममा समितिका सचिव प्रजापति पौडेलले प्रगित र कोषाध्यक्ष माया जिसीले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# गौतम र तामाङ पोखरामा जारी खुल्ला नेपाल स्नोकर प्रतियोगिताको फाइनलमा

**पोखरापत्र संवाददाता**
पोखरा, २६ माघ

इटहरीका आयुष गौतम र काठमाण्डौंका वाङ्चुक तामाङ पोखरा जारी खुल्ला नेपाल स्नोकर प्रतियोगिता २०८० को फाइनलमा प्रबेश गर्नु भएको छ । शुक्रबार भएको सेमिफाइनलमा दुबै जनाले जित हासिल पार्दै फाइनलमा यात्रा बनाउनु भएको हो ।

पोखराको ड्यामसाइडमा रहेको बि एण्ड बि कम्प्लेक्स स्थित फाइनल स्कोर स्पोर्टस बारमा शुक्रबार भएको पहिलो सेमिफाइनल खेलमा इटहरीका गौतमले काठमाण्डौंका राजन लामालाई ६–५ को सेटमा पराजित गर्दै उपाधि नजिक पुग्नु भएको हो । त्यसै गरी अर्को खेल सेमिफाइनलमा काठमाण्डौंका तामाङले अन्तराष्ट्रिय काठमाण्डौंकै




खेलाडी रेगन श्रेष्ठलाई ६–१ को सेटमा सहज जित हासिल गर्दै फाइनलमा यात्रा बनाउनु भएको हो । सेमिफाइनल खेल वेष्ट अफ इलाभेनमा भएको हो । गौतम र तामाङ उपाधि सहित १ लाख ५० हजार नगद पुरस्कारको लागि आइतबार फाइनल खेलमा प्रतिष्प्रर्धा गर्ने भएको आयोजक फाइनल स्कोर स्पोर्टस बार प्रा.लि.का अध्यक्ष सोम बि.क.ले बताउनु भयो । फाइनलमा पुग्ने दुबै खेलाडी नेपालका उत्कृष्ट मध्यका स्नोकर खेलाडीहरु हुनुहुन्छ । काठमाण्डौंका दुई खेलाडी राजन लामा र रेगन श्रेष्ठलाई भने ट्रफीको साथमा जनही २०/२० हजार पुरस्कार प्राप्त गर्नु हुने भएको छ । यही माघ २८ गतेसम्म संचालन हुने उक्त प्रतियोगितामा १ सय २३ जना खेलाडीहरु सहभागि भएको प्रा.लि.का संचालक मध्यका एक प्रताप गुरुङले बताउनु भयो । प्रतियोगितामा उपविजेतालाई ७० हजार साथमा ट्रफी, मेडल र प्रमाण पत्र वितरण गरिने भएको हो । उक्त प्रतियोगिताको मुख्य सहयोग पोखरा महानगरपालिकाले गरेको आयोजकले जनाएको छ । उक्त प्रतियोगिताले पोखराको खेल पर्यटन प्रबर्द्धनमा टेवा पुग्ने आयोजकले दाबी गरेको छ ।

# भेट्रान फुटबलमा ६० वर्ष माथि बगरभाइखलक च्याम्पियन

**पोखरापत्र संवाददाता**
पोखरा, २६ माघ

पोखराको टुडिखेल खेलमैदानमा जारी दोस्रो हिमालय ब्रुअरी तथा तेह्रौं बगर भाइखलक ६० वर्ष माथि आयोजक बगर च्याम्पियन बनेको छ ।

शुक्रबार सम्पन्न ६० वर्षमाथि उमेर समूहको फाइनल खेलमा युके मास्टर (उत्तरखण्ड) भारतको टोलीलाई २-० गोलअन्तरले हराउँदै आयोजक बगर भाइखलक च्याम्पियन बनेको हो । बगरको जितमा ७० वर्षिय पुर्व राष्ट्रिय खेलाडी आनन्द रञ्जित र ६२ वर्षिय युद्ध गुरुङले गोल गरे । उपाधिसँगै बगरले नगद ५० हजार रुपैयाँ प्राप्त गऱ्यो । भारतको टिमले ३० हजार रुपैयाँ प्राप्त गऱ्यो । खेलको म्यान अफ दी




म्याच भारती टिमका ७३ वर्षिय खेलाडी तथा क्याप्टेन लोकमणि भट्ट घोषित भए । ६० वर्षमाथिको खेलमा चार टिमको सहभागिता रहेको थियो । बगर भाइखलकले यस अधिका संस्करणमा ४० वर्षमाथि उमेर समुहको मात्र प्रतियोगिता गराएपनि हाल तीन विधामा प्रतियोगिता आयोजना गरेको हो । प्रतियोगितामा ४० वर्षमाथि उमेर समूह, ५० वर्षमाथि उमेर समूह र ६० वर्ष माथि उमेर समूहको प्रतिस्पर्धा गराएको हो । भोलि सनिबार ४० र ५० वर्षमाथि उमेर समूहको फाइनल खेल हुँदैछ । ५० वर्षमाथि आयोजक बगर भाइ खलक र संगम भेट्रान उपाधिका लागि भिड्ने छन् भने, ४० वर्षमाथि नागस्वेती भेट्रान हेटौंडा र जोरपाटी भेट्रान काठमाडौं भिड्नेछन् । प्रतियोगिताको ४० वर्षमाथि उमेर समूहको विजेताले दुई लाख र उपविजेताले एक लाख रुपैयाँ प्राप्त गर्नेछन् । ५० वर्षमाथि उमेर समूहको विजेताले एक लाख रुपैयाँ र उपविजेताले ५० हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

हिमालयन ब्रुअरी प्रा.लिको मुख्या प्रायोजन रहेको प्रतियोगिताको सह-प्रायोजकको रुपमा बगर भाइ खलक युके र ग्रीन डेभलपमेन्ट बैंक रहेको छ । माघ २१ गतेदेखि सञ्चालन भएको प्रतियोगितामा पोखरासहित भारतको देहरादु, काठमाडौं, ललितपुर, चितनव, सिरहा, हेटौडा, सर्लाही, बुटवल, सिमरा, कैलाली, पाँचथरबाट सहभागिता रहेको छ । बगर भाइखलकले २०६८ सालदेखि निरन्त भेट्रान फुटबल संचालन गर्दै आइरहेको छ ।

# कास्की बारमा भगवतीको नेतृत्व

**पोखरापत्र संवाददाता**
पोखरा, २६ माघ

कास्की जिल्ला बार एशोसियसनको अध्यक्षमा अधिवक्ता भगवती पहारी विजयी भएकी छन् ।

शुक्रवार भएको निर्वाचनबाट पहारी अध्यक्ष चुनिएकी हुन्। विजयी पहारीले ५३ मत प्राप्त गरिन भने प्रतिस्पर्धी अधिवक्ता गोविन्द पौडेलले २२ मत प्राप्त गरेका थिए ।

यस्तै उपाध्यक्षमा गीता आचार्य र सहसचिव प्रीति पाण्डे



निर्विरोध भएका छन् । बारको नव निर्वाचित कार्य समिति सचिवमा कृष्णकुमार श्रेष्ठ, निर्वाचित भएका छन । सचिवमा श्रेष्ठले ५६ मत प्राप्त गरेका थिए भने प्रतिस्पर्धी बेदनाथ भण्डारीले २० मत प्राप्त गरेका थिए । त्यस्तै कोषाध्यक्षमा विनका शर्मा निर्वाचित भएकी छन । उनले ४६ मत प्राप्त गरिन भने प्रतिस्पर्धी विमल लामिछानेले २९ मत प्राप्त गरेका थिए । यस्तै गरी सदस्यमा शंकर सैंजु, ईश्वर परियार, अनुप पौडेल, गणेशबहादुर आले, प्रदीपकुमार राना, पुरुषोत्तमराज घिमिरे, हेमराज अधिकारी र शान्ति कुमारी ढुंगाना निर्वाचित भएका हुन् । नयाँ बार कार्य समिति चुन्न बिहान ११ बजेदेखि ३ बजेसम्म मतदान चलेको थियो । १०१ मतदाता रहेकोमा ८३ मत खसेको थियो । निर्वाचनमा नेकपा एमाले निकट पिपिएलए र काङ्ग्रेस निकट डिएलए निर्वाचित भएका हुन । माओवादी निकट आरपिपिएलए पराजित भएको छ ।

# लेकसिटी स्पोर्टस मिट २०८०

**पोखरापत्र संवाददाता**
पोखरा, २६ माघ

गैह्रापाटन स्थीत लेक्सिटि कलेज एन्ड रिसर्च सेन्टर मा दुइ दिने अन्तर संकाय खेल्कुद प्रतियोगिता सम्पन्न भएको छ । पहिलो दिन कलेज परिसर भित्रै बास्केटबल र टेबल टेनिसका खेलहरु सम्पन्न भएको थीयो भने दोस्रो दिन फुटसल खेल शुक्रबार सम्पन्न भयो ।

बास्केटबल खेलमा समाबेश ८ टिम बाट बि बि एस प्रथम बर्श का समुह ले उपाधी हात पार्न सफल भएका छन । सो खेलमा बि बि एस (प्रथम बर्ष) ६०-४८ बि ए एस् डब्लु (दोस्रो बर्ष) को अन्तिम नतिजा मा बिध्यार्थी साजन गुरुङ्ग ले सर्बाधीक ३५ ब्यक्तीगत स्कोर गर्न सफल भए ।

टेबल टेनिस अन्तर्गत १६ बिध्यार्थी समाबेश मध्य बाट फाइनल खेलमा बि ए एस् डब्लु (दोस्रो बर्ष) का सम्राट शाही ठकुरी ले बि बि एस (चौथो बर्ष) का रोशन लिगल लाइ सोझो तिन सेट मा हराउदै उपाधी चुम्न सफल भए ।

खेलकुद को देश्रो दिन फुटसल खेलमा दुइ संकाय बाट ७ टिम तथा शिक्षक तर्फबाट एक टिम गरि ८ टिम समाबेश थियो जसमा बि बि एस (दोश्रो बर्ष) र बि बि एस (प्रथम बर्ष) फाइनलमा आम्ने साम्ने भएका थीए । नीर्धारीत समय ३-३ को बराबरी मा सकिए पछि, सो खेल टाइ ब्रेकर मा ३-१ को स्पष्ट नतिजा निकाल्दै बि बि एस (दोश्रो बर्ष)ले उपाधी चुम्न सफल भएको छ ।

बिध्यार्थी बिच खेल्कुद को माध्यम बाट मित्रता, उत्साह र टिम स्पिरिट बढाउने उद्धेश्य सहित वार्षीक खेल्कुद कार्यक्रम एक्याडेमीक क्यालेन्डरमा समावेश गरिएको जानकारी सोहि प्रतियोगिताका संयोजक एवम सञ्चालक आमोद कोइरालाले जानकारी दिनुभयो ।

# फागुन १ देखि सातौ विरेन स्मृति १७ औं 'बिटी कप'

**पोखरापत्र संवाददाता**
पोखरा, २६ माघ

पोखरामा क्रियाशिल बुद्धटोल युवा (बिटी) क्लबले सातौं विरेन स्मृति १७ औं बिटी कप खुल्ला फुटबल प्रतियोगिता आयोजना गर्ने भएको छ ।

पोखरा महानगरपालिका १ पुरानो टुडिखेल मैदानमा आगामी फागुन १ गतेदेखि खुल्ला सेभेन ए साइड फुटबल प्रतियोगिता आयोजना गर्ने शुक्रबार आयोजित पत्रकार सम्मेलनमार्फत जानकारी दिइएको हो । क्लबका अध्यक्ष असिम थापाले फुटबलको विकास गर्ने उद्देश्यसहित प्रतियोगिता आयोजना गर्दै आएको बताए । 'पोखरामा निरन्तर हुने सेभेन ए साइड फुटबल प्रतियोगिताको लिस्टमा हाम्रो प्रतियोगिता पनि पर्छ । त्यसैले हामी १७ औं संस्करणसम्म निरन्तर




आइपुगेका छौ, अध्यक्ष थापाले भने, 'यस प्रतियोगिताले फुटलबको विकासमा थप सघाउ पुग्ने विश्वास लिएका छौं ।'

अध्यक्ष थापाले फागुन १ गतेदेखि प्रतियोगिता सुरु गर्ने बताउदै टिमको सहभागिताको आधारमा समापनको मिति तय गरिने जानकारी दिए । 'हाम्रो प्रतियोगिता पोखराको चर्चित र लोकप्रिय प्रतियोगिता हो, अध्यक्ष थापाले भने, 'त्यसैले यसमा सहभागि हुन धेरै टिमहरु इच्छुक हुनुहुन्छ । उहाँहरुको सहभागिताकै आधारमा समापन मिति पनि तय हुनेछ ।' यस्तै सो प्रतियोगिताको विजेतालाई नगद १ लाख ७१ हजार १ सय ११ रुपैयाँ, शिल्ड तथा मेडलसहित प्रमाणपत्र प्रदान गरिने क्लबका सचिव रेशम सापकोटाले जानकारी दिए । उनका अनुसार उपविजेताले १ लाख ५ हजार ५ सय ५५ रुपैयाँ, शिल्ड तथा मेडलसहित प्रमाणपत्र प्राप्त गर्नेछ । उनले प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई ट्रफिसहित नगद रु १० हजारले पुरस्कृत गरिने बताए । यस्तै उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर र सर्वाधिक गोलकर्तालाई जनही ८/८ हजार रुपैयाँ र ट्रफि प्रदान गरिनेछ भने अनुशासित एक टिमलाई १० हजार रुपैयाँसहित ट्रफि प्रदान गरिनेछ । टिम सहभागिताका लागि नगद रु ९ हजार निर्धारण गरिएको सो प्रतियोगितामा करिब ५० टिमको सहभागिता रहने आयोजकको अपेक्षा रहेको छ । यसअघिको संस्करणको उपाधि पोखरेली क्लब गन्नी एफसीले जितेको थियो ।

## भूकम्पबाट हुने क्षतिप्रति सचेत रहौं

**भूकम्पका कारण:**

◆ घर, पुल तथा अन्य संरचना भत्कन सक्दछ ।
◆ विद्युत तथा टेलिफोन सेवा अवरोध हुन सक्दछ ।
◆ बाढी, पहिरो तथा आगलागीको जोखिम भई जनधनको क्षति हुन सक्दछ ।

**त्यसैले,**

◆ घर, पुल तथा अन्य संरचना बनाउँदा भूकम्प प्रतिरोधी बनाऔं ।
◆ घर वरिपरी तथा सार्वजनिक स्थल खुल्ला राखौं ।
◆ भूकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔं ।


**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# बाँसखर्कका सुन्तला ढुवानी गर्न सडक मर्मत गरिँदै

पोखरापत्र संवाददाता
पर्वत, २६ माघ

स्वादिलो सुन्तलाको राजधानीका रुपमा परिचित पर्वतको जलजला गाउँपालिका–१ बाँसखर्क पुग्ने सडक मर्मत गर्न थालिएको छ । जीर्ण सडकका कारण सुन्तला ढुवानीमा समस्या भएपछि जलजला गाउँपालिकाले मर्मत थालेको हो ।

बाँसखर्कमा यस वर्ष झण्डै रु ११ करोडका सुन्तला उत्पादन भएको छ । 'सडकका कारण सुन्तला ढुवानीमा समस्या' शीर्षकको समाचार यही माघ १३ गते राष्ट्रिय समाचार समितिमा प्रकाशित भएको थियो । समाचार प्रकाशनपछि गाउँपालिकाले आफ्नै स्काभेटर परिचालन गरेर बिहीबारदेखि मर्मत गर्न थालेको गाउँपालिकाका उपाध्यक्ष दीपक आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार बाँसखर्क जोड्ने वारीबेनी–बगर–बाँसखर्क सडक मर्मत गर्न थालिएको हो ।

स्काभेटरले साँघुरो ठाउँमा चक्ल्याउने, खाल्डाखुल्डी पुर्ने र ठूला ट्रकसमेत सजिलै सुन्तला बगानसम्म जान सक्नेगरी मर्मत कार्यलाई अघि बढाइएको उपाध्यक्ष आचार्यले बताउनुभयो । ठूला सवारी साधन सुन्तला बगानसम्म पुग्न नसक्दा व्यवसायीलाई ढुवानीमा समस्या भएको थियो । सडक मर्मतपछि स्थानीयरुपमा सञ्चालित र बाह्य क्षेत्रबाट सुन्तला लिन आउने सवारीसाधन सजिलै बाँसखर्कसम्म पुग्न सक्ने भएका छन् । स्थानीय अगुवा कृषक जगतबहादुर खत्रीका अनुसार ढिलै भए पनि गाउँपालिकाले सडक मर्मत गरेपछि सहज हुने भएको छ । यहाँका सुन्तला यस वर्ष काठमाडौँको कालीमाटी, चितवनको मुग्लिन र पोखराका व्यापारीले खरिद गरेका छन् । कतिपयले सुन्तला टिपेर ढुवानी गरिसकेका छन् भने कतिपयले कृषकसँग सम्झौता गरेपछि सुन्तला टिप्न आइनपुगेका कृषक खत्रीले बताउनुभयो । बाँसखर्कमा ढिलो गरी पाक्ने भएकाले माघ दोस्रो सातापछि मात्रै बजार पठाउन थालिएको छ । अहिले बाँसखर्कसम्म पुग्न वारीबेनी र मिलनचोकबाट कच्ची सडकको प्रयोग हुँदै आएको छ । जीर्ण सडकका कारण ठूला ट्रक र टिपर गाउँसम्म जान नसक्ने अवस्था थियो । सानो बोलेरो जीप मात्र मुस्किलले गाउँसम्म पुग्ने भएकाले व्यवसायीलाई सुन्तला निकासीमा समस्या भएपछि आफ्नै स्काभेटरले मर्मत गरेर सहज बनाउन थालिएको जलजला गाउँपालिकाका अध्यक्ष राजु आचार्यले बताउनुभयो । उहाँका अनुसार जलजला–२ वारीबेनीदेखि वडा नं १ बाँसखर्क जोड्ने सडक कालोपत्रे गर्नका लागि विस्तृत आयोजना प्रतिवेदन(डिपीआर) स्वीकृत भइसकेको भए पनि बजेट विनियोजन नहुँदा स्तरोन्नति हुन नसकेको हो । यसअघि विसं २०७७ मा राष्ट्रिय पुनःनिर्माण प्राधिकरणले आयोजना स्वीकृत गरेर अर्थमन्त्रालयमा पठाएको भए पनि बजेट विनियोजन हुन सकेको छैन । करिब १० किलोमिटर लामो उक्त सडकको कुल लागत रु २२ करोड लाग्ने अनुमान गरिएको थियो । बर्सेनि फल्ने करोडौँका सुन्तला सडकका कारण ढुवानीमा समस्या भएको वडाध्यक्ष जकबहादुर रोकाले बताउनुभयो । सडक निर्माण भएमा यहाँ उत्पादन हुने सुन्तला बजार पठाउन तथा बाँसखर्कमा सञ्चालित होमस्टे प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका खेल्ने उहाँको भनाइ थियो । पूर्वाधार विकास कार्यालय पर्वतका प्रमुख गुरुदत्त अधिकारीले चालु आर्थिक वर्षमा बाँसखर्क जोड्ने कुनै पनि सडकका लागि बजेट विनियोजन नभएको बताउनुभयो । मिलनचोक–माफफाँट–बाँसखर्क सडकको लागि रु एक करोड विनियोजन भए पनि त्यसले जम्मा एक किलोमिटर मात्र कालोपत्रे हुने उहाँले जानकारी दिनुभयो ।

# फेकोफन पोखरा १९ को अध्यक्षमा अधिकारी

पोखरापत्र संवाददाता
पोखरा, २६ माघ



वन समूहको छाता संगठन सामुदायिक वन उपभोक्ता महासंघ पोखरा १९ को सम्पन्न भेलाले डोलराज अधिकारीको अध्यक्षतामा ११ सदस्यीय वडा समिति चयन गरेको छ । सो समितिको उपाध्यक्ष पितम्बर पौडेल, सचिव कविता आचार्य, कोषाध्यक्ष दुर्गा लम्साल आचार्य र सदस्यहरुमा गंगाबहादुर केसी, प्रोणराज बास्तोला,शिव पौडेल,मैया सुनार,सूर्यकला अधिकारी,मुकुन्द गौतम र भगवती बास्तोला रहनु भएको छ । पोखरा महानगरपालिका वडा नं. १९ का वडाअध्यक्ष पुष्पेन्द्र पाण्डेले भेलाको उद्घाटन गर्दै वन क्षेत्रलाई उत्पादनसंग जोड्नुको विकल्प नभएको बताउनुभयो ।

जंगलको विस्तारसँगै बाँदर लगायतका बन्यजन्तुले कृषकलाई गाउँमा बस्नै नसक्ने स्थिति सिर्जना भएकोमा चिन्ता व्यक्त गर्दै उहाँले यसको नियन्त्रणमा तीनै तहका सरकार जिम्मेवार भएर लाग्नुपर्नेमा जोड दिनुभयो । डाँडाको टुप्पोबाट रुखमा चढेको बाँदर भुईमा नझरि रुखैरुख घरको छानोमा आउने गरि जंगलको विकास हुँदा स्थानीय वासिन्दाको दैनिकी कष्टकर बनेको उल्लेख गर्दै वडा अध्यक्ष पाण्डेले भन्नुभयो, वन पैदावारमा आधारित उद्यम सञ्चालन गर्नुपर्ने अपरिहार्य भएको छ । वन क्षेत्र जोगाउने गरि हाँगा काट्ने व्यवस्था गर्नुपर्नेमा जोड दिदै उहाँले थप्नुभयो कानूनी प्रकृया मिलाएर मात्र वन व्यवस्थापन गर्नु स्थानीय वासिन्दालाई आग्रह गर्नुभयो ।

सामुदायिक वन उपभोक्ता महासंघ नेपालका केन्द्रीय सदस्य हरि बास्तोलाले दाउरालाई काठमा परिणत गर्ने खालको प्रविधि भित्र्याउन सम्बन्धित निकायको ध्यान जानुपर्ने आवश्यकता औल्याउनुभयो । मुलुकको वन क्षेत्रमा मुल्यवान काठ कुहिएर खेर जाने र विदेशी काठ, आलमुनियम, युपिभिसी जस्ता वस्तु आयात हुँदा बार्षिक खरबौं रुपैया विदेशीने अवस्थाको अन्त्य गर्दै हरित रोजगार सिर्जना गर्न गर्नका लागि सातै प्रदेशमा कम्पोजिट प्लाण्ट स्थापना गर्नुपर्नेमा उहाँको जोड थियो ।

सामुदायिक वन उपभोक्ता महासंघ नेपाल कास्कीका अध्यक्ष विश्वनाथ लामिछानेले सरकारी तवरबाट समूहले कहा गल्ती गर्दछन् भनेर चियाउनु भन्दा उपभोक्तालाई अधिकारका सम्बन्धमा सचेत गराउनेतर्फ लाग्नुपर्ने आवश्यकता औल्याउनुभयो । वन ऐन, विधेयक तथा कार्ययोजनाका आधारमा वनमा व्यवस्थापन गर्नु समूह सचेत हुनु पर्नेमा जोड दिदैं उहाँले सानो कमजोरीमा उपभोक्तालाई दुःख नदिन सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो ।

महासंघ अध्यक्ष कमल भुजेलको अध्यक्षतामा भएको कार्यक्रममा वन महासंघ गण्डकी प्रदेश सदस्य जित बहादुर बस्नेत, महानगर महासंघ उपाध्यक्ष भरतराज आचार्य, जमुना सुवेदी लगाएतले वनको महत्व र उपयोगका बारेमा चर्चा गर्नुभएको थियो । भेलामा बाँदर आतंकको अन्त्य हुनुपर्ने, वन पैदावार सहजरुपमा उपयोग गर्ने नितीको खाँचो, वनको सम्पूर्ण अधिकार स्थानीय तहलाई दिनुपर्नेमा सहभागिको जोड थियो । वडाका २१ वटा सामुदायिक वन समुहका ६० जना उपभोक्ताको सहभागिता रहेको थियो ।

# पोखरा आएर गोर्खा वारियर्स टीमले भन्यो, "इतिहास देखाउने सिनेमा निर्माण गरेका छौं"

पोखरापत्र संवाददाता
पोखरा, २६ माघ




पोखरा आएर गोर्खा वारियर्स टीमले इतिहास देखाउने सिनेमा निर्माण गरेको दाबी गरेको छ ।

शुक्रबार चलचित्र पत्रकार संघ नेपाल कास्कीले पोखरामा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै सिनेमाका निर्देशक मिलन चाम्सले वीर गोर्खालीको कथामा सिनेमा बनुपर्छ भन्ने लागेर निर्माण गरिएको बताए । फागुन ११ गतेबाट अल नेपाल प्रदर्शन हुने सिनेमाका विषयमा प्रचारप्रसार गर्ने हेतुले पोखरा आएका उनले पोखरा आफैमा लाउरेहरुको शहर भएको उल्लेख गरे । "पोखरामा आफैमा लाउरेहरुको शहर हो । यहाँ धैरै ब्रीटीस आर्मीमा काम गरेका वीर गोर्खालीहरु हुनुहुन्छ । गोर्खालीसँग पोखरा अनविज्ञ छैन ।", उनले भने । नेपालीलाई चिनाउने तीन विषय सगरमाथा, गौतम बुद्ध र गोर्खाली भएको उनले बताए । करिब ३ वर्ष लगाएर सिनेमा निर्माण भएको उनको भनाइ छ । "नेपाली विदेशिन चाहदैनन् तर अहिले दिनप्रतिदिन देश खाली भइरहेको छ । यो सबै कसरी भयो । यस्ता विषयहरु समेत सिनेमा मार्फत सन्देशको रुपमा पाइनेछ ।", उनले भने । हँसिया , वीरविक्रम, लिलिबिली, बबी जस्ता सिनेमा निर्माण गरिसकेका चाम्सको बारमा आधारित रहेर सिनेमा निर्माण गर्ने योजना पहिलेदेखिको नै हो । उसो त उनी आफै पनि रिटायर्ड ब्रीटीस आर्मी हुन् ।

गोरखाज नेपालीको ब्राण्ड भएकाले अन्तर्राष्ट्रिय स्तरमा यसको प्रचारप्रसार गर्ने हेतुले सिनेमा निर्माण गरिएको भनाई उनको छ । गोर्खा वारियर्समा १९४९ वरिपरिको कथा समेटिएको छ । जतिबेला गोरखालीहरुले जंगल वार गरेका थिए । नायिका रेविका गुरुङले इतिहास जोगाउने सिनेमामा काम गर्न पाउँदा खुशी लागेको बताइन् । सिनेमामा वारसँगै परिवारको कथा व्यथा पनि समेटिएको उनको भनाइ छ । ७० वर्ष अगाडिको कथामा आफु जोडिन पाउँदा हर्षित छिन् । सिनेमाको छायाँकन सिन्दुली, सोलुखुम्बु र काठमाडौंमा गरिएको जानकारी उनले गराइन् । नायक रितेश चाम्सले गोर्खालीहरुको २० ९ वर्षको इतिहासमा सयौं कथाको एउटा कथा गोर्खा वारियर्स भएको उल्लेख गरे । सिनेमाबाट उनी आशावादी देखिन्छन् । मिडिया सल्लाहकारको भूमिकामा रहेका डब्बु क्षेत्रीले चलचित्र पत्रकार संघको विस्तारले नेपाली सिनेमाको प्रवर्द्धनमा टेवा पुगेको बताए । उनले गोर्खा वारियर्स गोरखालीलाई चिनाउने कथा भएको बताए । कथा हाम्रो र व्यथा पुर्खाको समेटेर सिनेमा निर्माण गरिएको भनाई उनको छ ।

सिनेमा युनिटले पोखरामा फागुन ७ गते प्रीमियर शो गर्ने योजना बनाएको छ । चाम्स इन्टरटेनमेन्ट र लन्डन सिनेआई प्रोडक्सनको ब्यानरमा निर्मित सिनेमाका निर्माता सुमन राई र सुस्मिता वाइवा हुन् । सिनेमामा रितेश र रेविका सँगै विजय लामा, कविता आले, रियर राई, बिरुप घले, सारा राई लगायतको अभिनय छ । सिनेमाको कथा निर्देशक चाम्स र गिरिराज घिमिरेले लेखेका हुन् । चलचित्र पत्रकार संघ नेपाल कास्कीका अध्यक्ष प्रभु अधिकारीको अध्यक्षतामा सम्पन्न पत्रकार सम्मेलनको संचालन सचिव सन्तोष बस्यालले गरेका थिए ।

# 'अफ्रिकन स्वाइन फिभर'बाट तीस बङ्गुर मरे

पोखरापत्र संवाददाता
दमौली, २६ माघ

'अफ्रिकन स्वाइन फिभर'को सङ्क्रमणबाट जिल्लामा एक महिना नबित्दै ३० वटा बङ्गुर मरेका छन् । यसै महिनाको १ गतेदेखि हालसम्म उक्त परिमाणका बङ्गुर मरेकामा व्यास नगरपालिकामा सबैभन्दा बढी छन् ।

उक्त नगरपालिकामा उन्नाइस, म्याग्देमा आठ, भीमादमा दुई र ऋषिङ गाउँपालिकामा एक वटा बङ्गुर मरेका हुन् । उक्त सङ्क्रमणका कारण बङ्गुर मर्न थालेपछि यहाँका व्यावसायिक किसान चिन्तित भएका छन् । जिल्लाका दस पालिकामध्ये चार पालिकामा 'अफ्रिकन स्वाइन फिभर'को सङ्क्रमण फैलिएको भेटेरिनरी तथा पशुविज्ञ केन्द्रका पशु प्राविधिक रुद्रसिं ठकुरीले जानकारी दिनुभयो । महामारीको रूपमा रहेको यस रोगको उपचार नहुने भएकाले उच्च जैविक सुरक्षा अपनाउन किसानलाई आग्रह गरिएको उहाँको भनाइ थियो । बाह्य मानिसलाई फार्ममा जान नदिन र बङ्गुर तथा सुङ्गुर ओसारपसार कार्य नगर्न सुझाब दिइएको छ", प्राविधिक ठकुरीले भन्नुभयो, सुँगुर तथा बङ्गुरबाट सुङ्गुर तथा बङ्गुरमै यो रोग सजिलै सर्छ तर मानिसमा सर्दैन ।" संस्था दर्ता गरी व्यावसायिकरूपले काम गर्दै आएका किसानलाई महामारीले सताएपछि पडित किसानलाई पुनःस्थापना कार्यक्रमअन्तर्गत प्रतिबङ्गुर रु चार हजारका दरले सहयोग गरिने सो कार्यालयले जनाएको छ । केन्द्रका पशु चिकित्सक र प्राविधिक टोलीले अहिले जिल्लाका बङ्गुर फार्ममा पुगेर अनुसन्धान थालेको छ । पीडित किसानका फार्ममा पुगेर सतर्कता अपनाउन आग्रह गरिएको कार्यालय प्रमुख डा राजेशकुमार चौधरीले बताउनुभयो । सञ्चारमाध्यमबाट सन्देशमूलकसूचनाप्रवाहसमेतगरिँदै आएको उहाँको भनाइ थियो । उक्त रोगविरुद्ध हालसम्म कुनै भ्याक्सिन नबनेकाले सङ्क्रमण नफैलिएका अन्य पालिकामा पनि किसानलाई सतर्कता अपनाउन लगाइएको छ । उक्त रोगका कारण बङ्गुरमा उच्च ज्वरो आउने, खान मन नगर्ने, झोक्राउने, पेट र कानमा रगतका धब्बा देखापर्नेजस्ता लक्षण देखापर्छन् ।

# विविधतापूर्ण संस्कृति मौलिक पहिचान र अमूल्य सम्पदा : प्रदेश प्रमुख गुरुङ

पोखरापत्र संवाददाता
पोखरा, २६ माघ

गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले विविधतापूर्ण संस्कृति नेपालको मौलिक पहिचान र अमूल्य सम्पदा भएको बताउनुभएको छ ।

सोनाम ल्होसारका अवसरमा शुभकामना सन्देश जारी गर्दै उहाँले यस्ता पर्व नेपाली समाजमा सद्भावना बढाउन आफ्नो धर्म, संस्कृति, रीतिरिवाज र परम्पराको संरक्षणमा महत्वपूर्ण रहेका उल्लेख गर्नुभएको छ । यस पर्वले सद्भाव र समृद्धि बढाउन सबैलाई प्रेरणा दिने उहाँले सन्देशमा उल्लेख गर्नुभएको छ ।

सोनाम ल्होसार पर्वले सबै नेपाली बीचको एकतालाई अझ सुदृढ गर्दै देशमा शान्ति, सद्भाव र सहिष्णुता कायम गरी आर्थिक, सामाजिक र सांस्कृतिक रूपले समृद्ध नेपाल निर्माण गर्न सबैमा प्रेरणा मिलोस् भन्ने शुभकामना व्यक्त गर्नु भएको छ ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : झमेला बढ्ने | धनु | : आर्थिक समस्या |
| कर्कट | : कार्यमा सफलता | मकर | : मानसिक तनाव |
| सिंह | : शुभ यात्रा | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : स्वस्थ्यमा सुधार | मीन | : ब्यापारमा लाभ |

हरिसिद्धि भविष्यवाणी केन्द्र
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।



# भिजन गण्डकी इन्भेष्टमेन्ट ग्रुप लिमिटेडको

## वार्षिक साधारण सभा सम्बन्धी सूचना !

**भिजन गण्डकी इन्भेस्टमेन्ट ग्रुप लिमिटेड (लि.नं. २६७८४८) को मिति २०८०/१०/२५ को संचालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको वार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा हुने हुँदा उपस्थिति भई दिनुहुन सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सूचित गरिन्छ ।**

**कार्यक्रमः**
मिति :२०८०/११/१९ गते
समय : दिनको ३:०० बजे
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, पोखरा म.न.पा.–१७, कास्की

**छलफलका विषयहरु**
(क) सामान्य प्रस्तावः
(१) आ.व. ०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
(२) आ.व. ०७९/०८० को लेखापरिक्षण प्रतिवेदनसहित वासलात, नाफा नोक्सान, हिसाब तथा नगद प्रवाह लगायतका वित्तीय विवरणहरू उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
(३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. ०८०/०८१ को लागि लेखा परिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
(४) विविध

आज्ञाले
संचालक अध्यक्ष


# भानु साहित्य उद्यानका लागि जग्गा अधिग्रहण प्रक्रिया सुरु

पोखरापत्र संवाददाता
दमौली, २६ माघ

आदिकवि भानुभक्त आचार्यको जन्मथलोमा निर्माण गर्न लागिएको साहित्यिक उद्यानका लागि जग्गा अधिग्रहण प्रक्रिया सुरु भएको छ । भानु नगरपालिकाले वडा नं ४ चुँदीरम्घामा साहित्यिक उद्यान निर्माणका लागि आवश्यक जग्गा अधिग्रहणको काम सुरु गरेको हो । भानुको जन्मस्थललाई साहित्यिक पर्यटकीयस्थानका रुपमा प्रवर्द्धन गर्ने उद्देश्यसहित अर्थ मन्त्रालयले नगरपालिकालाई रु पाँच करोड बजेट उपलब्ध गराएको थियो ।

उक्त बजेटबाट जग्गा प्राप्ति, गुरुयोजना, भानुभक्त आचार्यको शालिक, अन्य कवि, साहित्यकार र कलाकार स्रष्टाको शालिक, पहुँच मार्गलगायत पूर्वाधार निर्माण गरिने प्रमुख प्रशासकीय अधिकृत दिवाकर पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार जग्गा अधिग्रहणका लागि नगरपालिकाले आजदेखि १५ दिनभित्र जग्गाधनीले लालपुर्जालगायतका आवश्यक प्रमाणसहित वडा कार्यालयमा सम्पर्क गर्न सूचना जारी गरेको छ । उद्यानका लागि ८६ रोपनी जग्गा अधिग्रहण गरिने पौडेलले जानकारी दिनुभयो । उद्यान निर्माणका क्रममा आवश्यक गुरुयोजना बनाउन, जग्गा अधिग्रहणलगायत कामका लागि पालिकाले सहजीकरण समिति गठन गरेको छ । भानुभक्त साहित्य उद्यानका उपाध्यक्ष डा ब्रतराज आचार्यको संयोजकत्वमा जग्गा प्राप्ति सहजीकरण समिति गठन भएको हो । सदस्यमा श्रीभक्त आचार्य, लक्ष्मी आचार्य, प्रेम राना, ऋषिराम पन्त, अर्जुन बोहरा, केशवराज त्रिपाठी, नहकुल अधिकारी, खुमप्रसाद श्रेष्ठ वृन्दा रानाभाट, रामकुमार श्रेष्ठ, जयहरी ढकाल रहनुभएको छ । यस ठाउँलाई साहित्यिक पर्यटकीयस्थलका रुपमा विकास गर्ने उद्देश्यसहित उद्यान निर्माण प्रक्रिया अगाडि बढाइएको नगरप्रमुख आनन्दराज त्रिपाठीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "भानु जन्मस्थलको विकास र पर्यटकीय गन्तव्यस्थल बनाउने उद्देश्यसहित यो कामलाई अगाडि बढाउन लागिएको हो ।" जग्गा अधिग्रहण भएपछि गुरुयोजना निर्माण गरी गुरुयोजनाअनुसार नै साहित्य उद्यानको काम अगाडि बढ्ने त्रिपाठीको भनाइ थियो । उहाँले भन्नुभयो, "भानुभक्तको जन्मथलो ओझेलमा परिरहेको छ । यस ठाउँमा साहित्य उद्यान निर्माण गरेर पर्यटकीय गन्तव्यस्थलका रुपमा विकास गरी यसको प्रवर्द्धन गर्ने मुख्य लक्ष्य लिएका छौं ।"

उद्यान समितिका अध्यक्ष डा जयराज आचार्यले समितिले उद्यान निर्माणका लागि आवश्यक परामर्श, रेखदेख र योजनासहित नगरपालिकालाई सहयोग गर्ने बताउनुभयो ।

# अनुसन्धानकर्मीलाई झुक्याइरहेको बाँदर !

रामबहादुर थापा
गण्डकी, २६ माघ / रासस

बाँदरको उपद्रो रोक्न मानिसहरूले केसम्म गरेनन् ? केही दिनअघि पोखरा महानगरपालिका–१९ ले बाँदर नियन्त्रणका लागि भन्दै 'मेरो रुख, म काट्छु' अभियान नै घोषणा गऱ्यो । भलै वडाको त्यो निर्णय धेरै समय टिकेन ।

वडाध्यक्ष पुष्पेन्द्र पाण्डेले सार्वजनिक सूचनामार्फत घर वरपरका रुख काट्न वडावासीलाई गरेको आह्वानको चौतर्फी विरोध भयो । महानगरपालिकाको कार्यालयले वडालाई पत्राचार गर्दै उक्त सूचना रद्द गर्न र रुख कटानको कार्य बन्द गर्न अनुरोध गऱ्यो । वडा रुख काट्ने अभियानबाट पछाडि हट्यो । बाँदरको अत्याचारबाट आक्रान्त भएको मानिस बाँदर नियन्त्रणमा जस्तोसुकै अप्रिय र अनौठो निर्णय लिन पनि तयार छ भन्ने यसले देखाउँछ । गुल्मीको रुरु क्षेत्र गाउँपालिका–२ ग्वाँदीका बाँदर प्रभावित किसानलाई बिहीबार गुलेली र मटेङ्ग्रा बाँडेको विषयले पनि चर्चा पायो । समुदायमा काँग्रेस अभियानअन्तर्गत नेपाली काँग्रेस, गुल्मीले किसानलाई बाँदर लखेट्न काम लाग्ने गुलेली र मटेङ्ग्रा दिएको हो । हाले पर्वतको कुश्मा नगरपालिका–९ मा बाँदर धपाउन वडाध्यक्ष राम शर्मा लामिछानेसहित १५ जना स्थानीयवासी पालो बाँडेर खटिएको खबरले पनि धेरैको ध्यान खिच्यो ।

यसरी नियन्त्रणका अनेक जुक्ति लगाउँदासमेत गाउँघरमा बाँदर आतङ्क किन ज्यूँका त्यूँ छ ? बाँदर धपाउन घरेलु उपाय रच्ने किसानदेखि, यन्त्र–उपकरण बनाउने वैज्ञानिक र अनुसन्धानकर्मीसम्मलाई यो प्रश्नले चिमोटिरहेको छ । अर्घाखाँचीको छत्रदेव गाउँपालिकाका पूर्वअध्यक्ष लेखनाथ पोखरेल यसमा भुक्तभोगी नै हुनुहुन्छ । उहाँले बाँदर नियन्त्रणका लागि आफू गाउँपालिकाको नेतृत्वमा हुँदा गरेका पहल र प्रयासको फेहरिस्त नै सुनाउनुभयो । "फिरन्ते जाति राउटेले बाँदरको सिकार गर्ने हुँदा उनीहरूलाई सल्यानबाट गाउँपालिकामा ल्याउने तयारी र बन्दोबस्तसमेत गरिसकेका थियौँ, पछि प्रशासनले रोक्यो", गाउँपालिका राष्ट्रिय महासङ्घका सल्लाहकार पोखरेलले भन्नुभयो, "राउटेलाई बाँदर सिकार र आहारविहार गर्न छुट भएकाले त्यसबाट बाँदरको संख्या घटाउनमा मद्दत पुग्ने हामीले सोचेका थियौँ ।" स्याङ्जाको भिरकोट नगरपालिका–७ का युवा भविश्वर पौडेलले केही वर्षअघि आविष्कार गरेको बाँदर धपाउने बन्दुक पनि लगेर किसानलाई बाँडेको उहाँले बताउनुभयो । "पछि गाउँकै किसान र युवालाई प्रविधि सिकाएर बाँदर धपाउने बन्दुक गाउँपालिकामै बनाउन र बाँदर प्रभावित किसानलाई वितरण गर्न थाल्यौँ", पोखरेलले भन्नुभयो, "बन्दुक पड्काउँदा एक वर्षजति त बाँदर भागे, बालीनाली केही जोगियो, तर अहिले बन्दुकलाई पनि बाँदरले टेर्न छाडिसके ।"

बाँदर धपाउन बोटबिरुवा र बालीनाली छेउछाउ ब्याट्रीबाट चल्ने ठूलठूला कृतिम बाघ, सर्पसम्म राखेर हेरिएको उहाँले सुनाउनुभयो । "बाँदरलाई बस्तीतिर छिर्न नदिन घाँसहरू पनि रोप्यौँ, अण्डाको गन्धले बाँदर आउँदैन भनेर अण्डा फुटाएर रुखमा पनि दलेर हेऱ्यौँ", पोखरेलले भन्नुभयो, "सुने र थाहा भएजतिका उपाय लगाउँदा पनि बाँदर नियन्त्रणमा खास उपलब्धि हुन सकेन, बाँदरको रजगज चलेकै छ ।" बाँदरले बालीनाली खाइदिएर गाउँपालिकाका किसान हैरान परेपछि बाँदर विज्ञसहित वन विज्ञानका विद्यार्थीलाई नै गाउँमा बोलाएर बाँदरको चरित्र र आनीबानीबारे अध्ययनसमेत गरिएको उहाँले बताउनुभयो । "पहिले बारी र पाखातिर मात्र चहार्ने बाँदर अहिले भान्छामै छिरेर कसौँडीको भातसमेत लगेर जान थाल्यो, घरमा महिला या बालबच्चा देख्यो भने त आक्रमण नै गर्न तम्सिन्छ", पोखरेलले भन्नुभयो । गण्डकी विश्वविद्यालयको अनुसन्धान, अन्वेषण तथा आविष्कार केन्द्रका इन्जिनीयर सागरराज पौडेलले 'ड्रोन'को प्रयोग गरेर बाँदर धपाउने प्रविधिको विकासका लागि आफूहरू अनुसन्धानमा जुटेको बताउनुभयो । उक्त केन्द्रले राष्ट्रिय आविष्कार केन्द्रसँग मिलेर बाँदर धपाउने बन्दुक पनि बनाइसकेको उहाँको भनाइ छ । "पिभिसी पाइप र कार्बाइडबाट बाँदर धपाउने बन्दुक बन्छ, तर अहिले बन्दुकको आवाजसँग पनि बाँदर तर्सन छोडेको किसानले बताउन थालेका छन्, यसमा पनि बाँदर अनुकूलन भइसकेको देखिन्छ", इन्जिनियर पौडेलले भन्नुभयो, "बाँदर नियन्त्रणका लागि अपनाइएका कुनैपनि विधि र प्रविधि दीर्घकालीन हुन सकेका छैनन् ।" बाँदर तर्सेर भागोस् भनेर केन्द्रले बाघ, कुकुरलगायत जनावरको आवाजलाई 'ड्रोन'बाट सुनाउन मिल्ने गरी प्रविधि र यन्त्र निर्माणको काम गरिरहेको उहाँले बताउनुभयो । वैज्ञानिक डा. महावीर पुन नेतृत्वको राष्ट्रिय आविष्कार केन्द्रका इन्जिनीयर रितेश देवसहित विश्वविद्यालयका इन्जिनीयर र प्राविधिक त्यसको अनुसन्धान तथा निर्माणका काममा तल्लिन छन् । इन्जिनियर पौडेलले केन्द्रले अहिले नै नयाँ आविष्कार गर्ने नभई भइरहेको प्रविधिमा नवीनता ल्याउन प्रयास गरिरहेको बताउनुभयो । पछिल्लो समय राष्ट्रिय कृषि इन्जिनीयरिङ अनुसन्धान केन्द्रले पनि सोही प्रविधिको बाँदर धपाउने यन्त्र निर्माण गरेर बजारमा पुऱ्याएको छ । केन्द्रका इन्जिनियर प्रवेश यादवले बाँदर नियन्त्रणका लागि उक्त यन्त्र सफल देखिएपछि अहिले विभिन्न स्थानीय तहहरूबाट माग आइरहेको बताउनुभयो । "कार्बाइड र पानीबीच रसायनिक प्रतिक्रिया भई उत्पन्न हुने एसिटिलिन ग्यासमा लाइटरको सहायताले आगो लगाएपछि मेसिनबाट ठूलो आवाज निस्कने हुनाले बाँदरलाई तर्साएर भगाउन सकिन्छ", उहाँले भन्नुभयो । यसअघि बनेका बाँदर धपाउने बन्दुकमा 'पिभीसी' पाइपको प्रयोग गरिएकामा केन्द्रले निर्माण गरिरहेको यन्त्रमा भने फलामको पाइप जडान गरिएको छ । केन्द्रले उक्त यन्त्रको मूल्य रु एक हजार आठ सय तोकेको इन्जिनीयर यादवले बताउनुभयो । अरु यन्त्रको भन्दा सस्तो मूल्य, फलामको पाइप भएकाले बढी टिकाउने हुने र जमिनमा राखेर पड्काउन सकिने हुँदा किसानलाई सो यन्त्र बढी लाभदायी हुने केन्द्रले जनाएको छ । अहिले चलिरहेको यन्त्रको आवाजसँग पनि बाँदरले आफूलाई अनुकूलन गराएर नतर्सने स्थिति आएमा नयाँ प्रविधिबारे अनुसन्धान थालिने इन्जिनियर यादवले बताउनुभयो ।

पोखरास्थित पशु सेवा तालिम केन्द्रका प्रमुख डा. गृष्म न्यौपानेले नेपालको मध्यपहाडी भूभागमा बाँदरको समस्या बिकराल रहेको बताउनुभयो । "बाँदरको खानेभन्दा बढी बिगार्ने स्वभाव हुन्छ, छिनभरमै बाली सखाप पारिदिन्छ", उहाँले भन्नुभयो, "किसानले बाली जोगाउन सुरक्षाका विधि अपनाए भने त्यसैबाट पाठ सिकेर प्रतिकूलतालाई अनुकूलतामा बदल्ने खुबी बाँदरले राख्छ ।" परिवर्तनलाई ग्रहण गर्ने र त्यसमा सजिलै घुलमिल हुन सक्ने क्षमता मानिसपछि सबैभन्दा बढी बाँदरमा रहेको डा. न्यौपानेको भनाइ छ । वन जङ्गलबाट मानव बस्तीतिर सरेर सामाजिकीकरण हुन खोजिरहेको बाँदरलाई फेरी जङ्गलतिर फर्काउने काम सजिलो नभएको डा. न्यौपानेले बताउनुभयो । "बाँदरलाई पारिस्थितिक प्रणालीसँग जोडेर हेर्नुपर्छ, हामीले बाँदरको संख्या बढ्यो मात्र भनिरहेका छौँ,", उहाँले भन्नुभयो, "पहिले जङ्गलमै भुल्ने बाँदर बस्तीतिर सरेपछि मानिसलाई त्यस्तो लागेको मात्र पनि हुन हुनसक्छ, वनजङ्गलमा उचित आहारा र वातावरण नपाएका कारण यथार्थमा बाँदरको संख्या घटेको पो छ की ? योतर्फ अहिलेसम्म कुनै खोज, अनुसन्धान भएको छैन ।" चलाख र अरुको देखासिकी गर्ने बानीका कारण किसान मात्र नभएर विज्ञ र अनुसन्धानकर्मीलाई समेत बाँदरले झुक्याइरहेको डा. न्यौपानले बताउनुभयो । "पहिले बाँदर लखेट्ने कुकुर अहिले उल्टै बाँदरसँग डराउनुपर्ने स्थिति छ, बाँदरको खाने बानीमा परिवर्तन आएको छ, पछिल्लो समय सुन्तला, प्याज, जसुनलगायतलाई पनि बाँदरले आहारा बनाउन थालेको छ", उहाँले भन्नुभयो, "पहिले बाँदरको हातमा नरिवल भनेर अरुलाई गिज्याउने गरिन्थ्यो, अहिले बाँदरले नै नरिवल फोडेर खाएको देखिन्छ ।" डा. न्यौपानले निर्दयी क्रियाकलापबाट नभई मानवीय उपायबाट नै बाँदरको समस्या हल गर्नुपर्ने धारणा राख्नुभयो । "संरक्षित जनावर भएकाले बाँदरलाई मार्न वा चोरीपैठारी गर्न पाइँदैन, बाँदर प्रकृति र जैविक विविधताको पनि एक हिस्सा हो", उहाँले भन्नुभयो, "बाँदर व्यवस्थापनका लागि राज्यले ठोस नीति र कार्यक्रम तय गर्नु आवश्यक छ ।"

बाँदर नियन्त्रणका लागि अहिलेसम्म अपनाइएका उपाय र विधि अल्पकालीन समाधान मात्र भएको डा. न्यौपानेको भनाइ छ । बन्दुक पड्काएर बाँदर लेखेट्ने तरिका पनि सँधै काम नलाग्ने उहाँले बताउनुभयो । "कुनै एकमात्र विधि अपनाएर बाँदर व्यवस्थापन गर्न सकिँदैन, कानूनी परिधिभित्र रहेर विभिन्न विधिको एकीकृत प्रयोग गर्नुपर्छ", डा. न्यौपानेले भन्नुभयो । खेती गरिएको जमिन र वन सँगसँगै हुँदा पनि बाँदरको समस्या थप जटिल बनेको उहाँको भनाइ छ । जङ्गलमै आहाराको व्यवस्थापन गर्न सके बाँदर बस्तीतिर नछिर्ने डा. न्यौपानेले बताउनुभयो । "काफल, बयर, चुत्रो, ऐसुले, कटुस जस्ता फलफूल कन्दमुल प्रशस्त मात्रामा वनमै उपलब्ध हुन सके बाँदर आहाराकै खोजीमा बस्तीतिर आउँदैन", उहाँले भन्नुभयो । बाँदरबाट प्रभावित किसानलाई वैकल्पिक खेती प्रणालीमा जान प्रोत्साहित गर्नुपर्ने उहाँको भनाइ छ । बाँदर लाग्ने ठाउँमा पशुपालन, पक्षीपालन, माहुरीपालन, रेशम खेती, च्याउ खेती, घाँसखेतीलगायत गर्न सकिने डा. न्यौपानेको सुझाव छ । धपाउने, लखेट्ने परम्परागत विधिले मात्र अब बाँदर नियन्त्रण सम्भव नहुने उहाँले बताउनुभयो ।

"महिला र बालबच्चालाई बाँदरले टेर्न छाडिसक्यो, कुकुरसँग पनि अचेल डराउँदैन, फेरी गाउँघरमा बाँदर लखेट्ने मानिस पाउन पनि कठिन छ, बरु राज्यले नै बाँदर लखेट्ने कृषि रक्षक राख्नेबारे किन विचार नगर्ने ?", उहाँले भन्नुभयो । विज्ञहरूले बाँदरको संख्या वृद्धि हुन नदिन जन्मदर नियन्त्रणको कार्यक्रम चलाउनुपर्ने सुझावसमेत दिने गरेका छन् । 'एक घर, एक बाँदर' पाल्ने रणनीति तय गर्नुपर्ने, बाँदरको व्यवस्थित सिकारका लागि कानुनी प्रबन्ध हुनुपर्ने जस्ता आवाज पनि बेलाबेला उठ्ने गर्छन् । अनेक उपाय र विधि अपनाउँदा पनि बाँदरले बालीनालीमा नोक्सानी पुऱ्याउन नछाडेपछि किसान भने आजित छन् । बाँदरकै कारण आत्महत्यादेखि बसाईसराइले गाउँ नै स्थानान्तरण भएकासम्म दुःखदायी खबर सुन्नु परिरहेको छ । स्थानीय तहले बाँदर नियन्त्रणका लागि बर्सेनि लाखौँ रुपैयाँ खर्चेका छन् । तर बाँदरले किसानको बालीनालीमा बितण्डा मच्चाउन छाडेको छैन । नेपालमा खासगरी रातो, आसामी रातो, नेपाली खैरो लङ्गुर, तराई खैरो लङ्गुर र हनुमान लङ्गुर प्रजातिका बाँदरको बाहुल्य रहेको बताइन्छ ।

समूहमा हिँड्ने र बालीनालीलाई छिनभरमै सखाप पार्ने हुँदा किसान बाँदरबाट आक्रान्त बनेका हुन् । बाँदरबाट क्षति हुने कृषिजन्य उपजको क्षतिपूर्ति तथा बीमाबारे कानुनी प्रबन्ध गरिनुपर्ने किसानको माग सुनुवाई हुन सकेको छैन । सर्वोच्च अदालतले बाँदरबाट हुने क्षतिको क्षतिपूर्ति दिन सरकारलाई निर्देशनात्मक आदेश दिएको वर्षौँ बित्दासमेत कार्यान्वयन हुन सकेको छैन । बाँदरले हैरानी दिएपछि तनहुँको डुम्रेका किसानले बाँदर आतङ्क नियन्त्रण सङ्घर्ष समिति नै गठन गरेका छन् । उक्त समितिले प्रतिनिधिसभाको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा यही माघ ११ गते ध्यानाकर्षणपत्र बुझाउँदै बाँदर बन्ध्याकरणलगायत बाँदर नियन्त्रणका उपायबारे अध्ययन/अवलोकनका लागि भारतको हिमाञ्चल प्रदेश जान लागेको समितिको टोलीमा बाँदर प्रभावित किसानलाई पनि समेट्न आग्रह गरेको थियो । समितिमा बाँदर प्रभावित किसानबाट उजुरी तथा गुनासो आउने क्रम बढेपछि भारतीय दूतावासको सहयोगमा विज्ञसहितको टोली बाँदर बन्ध्याकरणबारे तालिम लिन र अवलोकन भ्रमणका लागि छिट्टै त्यसतर्फ जाने भएको हो । बाँदरलाई 'हानिकारक' वन्यजन्तुको सूचीमा राखेर बात नलाग्ने गरी बाँदर मार्न पाउने अधिकार स्थानीय तहलाई दिनुपर्ने कतिपय विज्ञहरूको सुझाव छ । ठूलठूला उद्यान बनाएर ती उद्यानमा बाँदर राखेर बाँदर सरंक्षण र व्यवस्थापन गर्न सकिने विज्ञहरू बताउँछन् । वनजङ्गलमा बाँदरले रुचाउने खानेकुरा र घर वरपर बाँदरले नरुचाउने बोट बिरुवा लगाउँदा पनि बाँदर नियन्त्रणमा सघाउन पुग्ने उनीहरूको भनाइ छ ।

गण्डकी प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका उपसचिव केदार बरालले बाँदर नियन्त्रणका लागि जिल्लास्तरमा वनजन्य फलफूल खेती कार्यक्रम सञ्चालन गरिएपनि त्यो प्रयाप्त नभएको बताउनुभयो । "प्रदेश सरकारले बाँदरबाट क्षति व्यहोरेका किसानलाई क्षतिपूर्ति दिने नीति पनि ल्याएको छ", उहाँले भन्नुभयो, "मुख्य रुपमा आहाराकै खोजीमा बाँदर मानव बस्तीतिर छिरेको पाइन्छ, यसलाई रोक्न बाँदरलाई मनपर्ने कन्दमुल, फुलफूल र बोटबिरुवा वनमै रोप्नुपर्छ ।"

# कालीगण्डकी नदीमा राष्ट्रिय ऱ्याफ्टिङ तथा कायाकिङ प्रतियोगिता गर्दै गण्डकी प्रदेश

पोखरापत्र संवाददाता
म्याग्दी, २६ माघ

परम्परागतरूपमा गर्दै आएको गहुँ तथा तोरीखेतीबाट राम्रो आम्दानी नभएपछि म्याग्दीको बेनी नगरपालिका–२ अम्बोटका महिलाले सामूहिक आलुखेती गरेका छन् । अम्बोट आमा समूहमा आबद्ध ३० महिलाले ३० रोपनी जग्गामा सामूहिक आलुखेती गरेका हुन् ।

कृषि ज्ञान केन्द्र म्याग्दीले समुदायस्तरमा कृषि उत्पादन प्रवर्द्धन आयोजनाअन्तर्गत सो समूहलाई रु तीन लाख अनुदानबाट दुईवटा हाते ट्र्याक्टर, औजार, स्प्रे मेसिन, सिँचाइ पाइपलगायत औजार अनुदानमा दिएको छ । रु एक लाख ८१ हजार लागतमा बीउ खरिद गरी आलुखेती विस्तार गरिएको अम्बोट आमा समूहकी अध्यक्ष लक्ष्मी घिमिरेले जानकारी दिनुभयो ।

अनुकुल वातावरण, सहज बजार मूल्य, अनुदान प्राप्त भएपछि उत्साहित समूहमा आबद्ध ती महिलाले दुई हजार पाँच सय ५० किलो खायन प्रजातिको आलुको बीउ लगाएका हुन् । "सिङ्गो गाउँ आलुखेतीमा आकर्षित भएको छ, अनुदान र प्राविधिक सहयोगले आलुखेती विस्तारमा निकै सहज भएको छ", अध्यक्ष घिमिरेले भन्नुभयो । समूहमा काम गर्दा एकापसमा ज्ञान तथा सीप आदानप्रदान समेत भएको भन्दै यसपटक लगाइएको आलु राम्रो उत्पादन भएको अध्यक्ष घिमिरेको भनाइ छ ।

अनुदान र समूहको सामूहिक लगानीमा विस्तार गरिएको आलुको उत्पादनसँगै आगामी वर्ष थप योजना बनाउने समूहकी सचिव सुनिता घिमिरेले बताउनुभयो । समूहमार्फत खेती प्रवर्द्धनका लागि आवश्यक पर्ने तालिमसहित प्राविधिक ज्ञान र नियमित अनुगमनले समेत आलुखेतीका लागि सहज भएको जनाइएको छ । समूहले लगाएको आलुखेतीको अवस्थाका बारेमा ज्ञान केन्द्रका प्रतिनिधिसहित वडाअध्यक्ष यामबहादुर कार्कीको उपस्थितिमा समेत सार्वजनिक सुनुवाइमा प्रगति प्रस्तुत गरिएको थियो । आलुखेतीको सम्भावना भएको क्षेत्र भएकाले बेनी –२ का आम्बोटलगायत विभिन्न बस्तीमा आलुखेतीको विस्तार र कृषकले उत्पादन गरेको आलुलाई बजारीकरणमा सघाउने वडाअध्यक्ष कार्कीले बताउनुभयो । "घरायसी प्रयोजनका लागि मात्रै खेती गर्ने गरिएको थियो, अहिले गाउँमा व्यावसायिक आलुखेतीमा समेत आकर्षण बढेको छ", उहाँले भन्नुभयो ।

चालु आर्थिक वर्ष २०८०/०८१ मा कृषि ज्ञान केन्द्रले आलु खेतीका लागि जिल्लाभर तीन करोडको कार्यक्रममार्फत छनोट भएका कृषक समूह र सहकारीलाई प्रतिरोपनी रु १२ हजारका दरले बीउ खरिदलगायत उपकरण किन्नका लागि अनुदान उपलब्ध गराइरहेको कृषि ज्ञान केन्द्रका प्राविधिक श्यामसरण कुर्मीले जानकारी दिनुभयो ।

कम्तीमा १० घरधुरी समेटिएको ३० रोपनीभन्दा बढीमा आलुखेती गर्ने १८ वटा समूह तथा सहकारी अनुदानका लागि छनोट गरी कूल लागतको ७५ देखि ८५ प्रतिशतसम्म अनुदान उपलब्ध गराइएको छ । जिल्लामा स्थानीय सेतो, रातो जातको आलु, नीलो, कार्डिनल र एमएस ४२ नामक आलु उत्पादन हुन्छ ।

# भविष्य निर्माण माविको अक्षयकोषमा ५४ लाख सङ्कलन

पोखरापत्र संवाददाता
गण्डकी, २६ माघ

विद्यालयको बस सेवालाई व्यवस्थित गर्न यहाँको एक सामुदायिक विद्यालयले सुरु गरेको अक्षयकोषमा रु ५४ लाख चार हजार आठ सय ४५ सङ्कलन भएको छ ।

पोखरा महानगरपालिका–२१ कृष्णनाचनेचौरस्थित भविष्य निर्माण माविले बस सेवा सञ्चालनलाई दिगो बनाउने लक्ष्यका साथ दुई वर्ष अघि सुरु गरेको कोषमा उक्त रकम सङ्कलन भएको हो । रु एक करोड सङ्कलन गरी त्यसैको ब्याजबाट बस सेवा सञ्चालन गर्ने लक्ष्यका साथ सुरु गरिएको कोषमा रोजगारीका लागि विदेशमा रहेका यस क्षेत्रका युवा एवं विभिन्न पेशा व्यवसायमा आबद्ध स्थानीय सामाजिक व्यक्तित्वबाट स्वस्फुर्त रकम सङ्कलन भएको अक्षयकोष वृद्धि समिति संयोजक भपिन्द्रराज रेग्मीले जानकारी दिनुभयो ।

विद्यार्थी सुविधाका लागि अहिले एउटा बस सञ्चालन हुँदै आएको छ निकट भविष्यमा अर्को थप गर्ने सोच रहेको बताउँदै उहाँले समाजका विपन्न एवं असहाय वर्गको शिक्षा आर्जनको थलो बनेको यस विद्यालयको अक्षयकोषमा सक्दो सहयोग गरेर पुण्यको काममा सहभागी बन्न सबैमा अनुरोध गर्नुभयो ।

बसाइँसराइको कारण गाउँ रित्तिदै जानु र निजी विद्यालयका बस घरघर पुग्ने गरेको कारण विद्यार्थीको अभाव भएपछि विद्यालयले एक वर्षदेखि भाडामा लिएर एउटा बस सञ्चालन गर्दै आएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कमल भुजेलले जानकारी दिनुभयो । "पोखराको दक्षिणी भेगमा अवस्थित सो विद्यालयसम्म आउनका लागि पक्कि बाटोको पहुँच पुगेको छ", उहाँले थप्नुभयो, "यतिखेर बत्रेकेस, निर्मलपोखरी र वयली लगायतका क्षेत्रमा विद्यार्थीलाई बिहान र बेलुका बस सेवा पुगेको छ ।" विसं २००९ सालमा पुर्खाले स्थापना गरेको विद्यालयलाई दिगोरुप दिनका लागि सुरु गरेको अक्षयकोष वृद्धि कार्यक्रममा शिक्षाप्रेमीबाट भएको सहयोगले उत्साह थपेको उहाँको भनाइ छ । "गुणस्तरीय शिक्षामा जोड दिँदै बस सेवा सुरु भएपछि विद्यालयमा विद्यार्थी र अभिभावकको आकर्षण बढेको छ", उहाँले भन्नुभयो, "व्यवस्थापन विषयमा दशजोड दुईको पढाइ भइरहेको विद्यालयमा हाल चार सय ५० भन्दा बढी विद्यार्थी अध्ययनरत छन् ।" "विभिन्न चारवटा पक्की भवनमा २४ कोठा छन्, कक्षा दशसम्म अङ्ग्रेजी माध्यममा पढाइ भइरहेका छन्", उहाँले भन्नुभयो, "चालु आवमा भारतीय राजदूतावासबाट एउटा बस प्राप्त गर्ने सहमति भइसकेको छ ।" प्रत्येक कक्षाकोठा निगरानी लागि सिसिक्यामेरासहित प्रोजेक्टरको व्यवस्था गरिएको बताउँदै अध्यक्ष भुजेलले भन्नुभयो, "आइसिटी प्रविधिमा पठनपाठन भइरहेको छ । विदेशी तथा रोजगारीका लागि विदेशमा रहेको सहयोगदाताबाट उक्त रकम सङ्कलन भएको हो ।" वार्षिकोत्सव कार्यक्रममा सहभागी अतिथि एवं अभिभावकले स्वस्फुर्त आर्थिक सहयोग गर्नुभएको थियो । सो अवसरमा रु ८० हजार बढी सङ्कलन भएको विद्यालयका प्रधानाध्यापक अर्जुन कँडेलले जानकारी दिनुभयो ।

# पोखरा म्याराथन वातावरणमैत्री बनाउन साइक्लिङ भोलिन्टिएर खटिने

पोखरापत्र संवाददाता
पोखरा, २६ माघ

यहि फागुन ५ गते पोखरामा हुने '१८ औं सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथन'लाई वातावरणमैत्री बनाउने प्रयास अनुरुप साइक्लिङ भोलिन्टिएरहरु खटिने भएका छन् ।

१८ औं सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथनको धावक स्कर्टिङका लागि साइक्लिङ भोलिन्टिएर र आयोजक नेपाल भुतपुर्व खेलाडी मञ्चबीच छलफल सम्पन्न भएको हो ।

म्याराथनलाई सुरक्षित र धावकहरुलाई स्कर्टिङसँगै वातावरणमैत्री बनाउनका लागि साइकल स्वयम सेवकसँग छलफल भएको मञ्चले जनाएको छ । छलफलमा साइकल सिटी र पोखरा राइडर क्लबका सदस्यहरुको सहभागिता रहेको थियो ।

उक्त छलफलमा साइकल राइडरहरुले आ–आफ्नो जिज्ञासा राख्दै प्रथम, दोस्रो, तेस्रो र सान्त्वना हुनेलाई मात्र नभई अन्तिममा आउनका लागि समेत सुरक्षा दिनुपर्ने सुझाव दिएका थिए । उनीहरुले विभिन्न व्यक्तिले स्वयं–सेवक बन्नकै लागि नाम मात्र लेखाउनेलाई स्वयं–सेवक नबनाई वास्तवमै अन्तिम सम्म काम गर्नेहरुलाई मात्र राख्न अनुरोध गरे । उनीहरुले धावकका लागि साइकलबाट स्कर्टीङ गर्ने रुटको बारेमा शनिबार अध्ययन गर्ने भएका छन् । उनीहरुले अघिल्लो संस्करणमा भन्दा यस पटक रुट अलि सहज भएको कारण काम गर्न केहि सहज हुने समेत बताए । साइकल स्वयं–सेवकका लागि संयोजन गरेका शंकर भण्डारीले शनिबार रंगशालाबाट रुटको अवलोकनमा जाने बताएका छन् । उनले रुटको अवलोकन पश्चात के कसरी साइकल स्कर्टिङ गर्ने भन्ने बारेमा पुनः छलफल गर्ने सुनाए ।

म्याराथन अन्तर्गत भोलि शनिबार ह्विलचियर र दृष्टिविहिन दौड प्रतियोगिता आयोजना हुँदैछ । उक्त प्रतियोगिता पोखरा रंगशालामा हुनेछ । उक्त दौडको सम्पूर्ण तयारी पुरा भएको मञ्चका अध्यक्ष हरिप्रसाद पराजुलीले जानकारी दिए ।